रतुवामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
प्रदेश नं. १,नेपाल

## अग्रेजी माध्यममा शिक्षणका लागि शिक्षण सेवा करारमा खरिद सम्बन्धी आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/१२/२१

यस नगरपालिकाको आ.व. ०७४।०७५ को वार्षिक कार्यक्रम अनुसार यस नगर क्षेत्र भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरूको आधारभुत तह देखि अंग्रेजी माध्यमबाट शिक्षण शुरू गर्ने योजना रहेको र उक्त शिक्षणका लागि आवश्यक पर्ने जनशक्ति परामर्श सेवा करारमा खरिद गरी संचालन गर्नुपर्ने भएकाले तपशिल बमोजिमको अधिन र शर्तमा रहि ईच्छुक नेपाली नागरिकहरूबाट आगामी २०७५।०१।०३ गते सम्ममा यस नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी, शैक्षिक योग्यता तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपी, विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए समकक्षता प्रमाणपत्र प्रतिलिपी, आधारभुत। तह शिक्षण अध्यापन अनुमति पत्रको प्रतिलिपीका साथ तोकिएको शुल्क यस नगरकार्यपालिकाको विराटनगर महेन्द्र चोक स्थित कृषि विकास बैंक मुख्य शाखाको मुल संचित कोष खाता नं. ०६०१६०११५३७१३०१५ मा रकम जम्मा गरेको भौचर वा कार्यालयमै नगद बुझाएको नगदी रसिदको सक्कल प्रति सहित आवेदन फाराम पेश गर्नहुन यो सुचना प्रकाशन गरिएको छ ।

**पद : शिक्षक (आधारभुत तह), सेवा करार** **दरखास्त दस्तुर : ५००।००**

| विज्ञापन नं. | सङख्या |
|---|---|
| ९/०७४/०७५ | खुला- २३ (तेईस) |
| १०/०७४/०७५ | महिला-६ (छ) |
| ११/०७४/०७५ | आदिवासी / जनजाति- ५ (पाँच) |
| १२/०७४/०७५ | मधेशी - ४ (चार) |
| १३/०७४/०७५ | दलित - २ (दुई) |
| १४/०७४/०७५ | अपागं - १ (एक) |

**थप प्रति विज्ञापन रु २०० दस्तुर लाग्नेछ ।**

१. योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उर्त्तिण गरी शिक्षण अध्यापन अनुमति प्राप्त गरेको ।
२. करार अवधि :२०७५ चैत्र मसान्त सम्म ।
३ मासिक तलब : नगर कार्यपालिकाले तोके बमोजिम ।
४. कार्य शर्तको विवरण : नगर कार्यपालिकाले तोके बमोजिम ।
५. परिक्षाको किसिम : लिखित तथा अन्तरवार्ता ।
६. पाठयक्रम : शिक्षक सेवा आयोगले निर्धारण गरेको आधारभूत तहको पाठयक्रम अनुसार नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम ।
७. काम गर्ने स्थान : नगर कार्यपालिकाको कार्यालयले तोकेको सामुदायिक विद्यालय ।
८. थप जानकारीको लागी सर्म्पक : रतुवामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिजुवा मोरङ्मा कार्यालय समय भित्र सम्पर्क राख्न वा टेलिफोन नं. ०२१-४१४०५२ वा ९८५२०३१०३८ मा सर्म्पक राखी जानकारी लिन सकिनेछ ।